ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 20.02.2026

**छत्तीसगढ़ प्रेस बिरादरीले मुख्यमन्त्रीलाई मिन्टोकगाडमा शिष्टाचार भेट गर्यो**

पीआईबी गान्तोकका सहायक निर्देशक मानस प्रतिम सरमाको नेतृत्वमा छत्तीसगढ प्रेस बिरादरीबाट 12 सदस्यीय प्रतिनिधिमण्डलले आज मुख्यमन्त्री प्रेम सिंह तामाङलाई मिन्तोकगाङमा शिष्टाचार भेट गर्यो। अन्तरक्रियाको क्रममा, मुख्यमन्त्रीले सिक्किम सरकारले गरेका विभिन्न विकासात्मक पहलहरू र प्रगतिशील नीतिहरूको बारेमा विस्तृत जानकारी साझा गर्नुभयो। उहाँले राज्यको शान्त पारिस्थितिकी र चीन, नेपाल अनि भुटानसँग अन्तर्राष्ट्रिय सीमा साझा गर्ने सीमावर्ती राज्यको रूपमा यसको रणनीतिक महत्त्वमाथि प्रकाश पार्नुभयो। दिगो विकासलाई जोड दिँदै, सिक्किममा चलिरहेको जैविक खेती अभ्यासहरू र राज्यको अर्थतन्त्रमा तिनीहरूको सफल प्रभावको बारेमा पनि श्री तामांगले भन्नुभयो।

मुख्यमन्त्रीले स्वास्थ्य, शिक्षा, ग्रामीण विकास र पर्यटन लगायतका क्षेत्रहरूमा कार्यान्वयन गरिएका प्रमुख कल्याणकारी उपायहरू र पूर्वाधार विकास परियोजनाहरूको बारेमा थप विस्तृत रुपमा वर्णन गर्नुभयो। भ्रमणमा रहेका पत्रकारहरूले नीति कार्यान्वयन, अनुगमन संयन्त्र र विभिन्न योजनाहरूको तल्लो तहसम्म पहुँच सम्बन्धी प्रश्नहरू उठाउँदै रचनात्मक आदानप्रदानमा संलग्न भए, जसको मुख्यमन्त्रीले क्षेत्रीय कार्यान्वयनबाट व्यापक स्पष्टीकरण र उदाहरणहरू सहित जवाफ दिनुभयो। पारस्परिक सम्मान र सद्भावनाको प्रतीकको रूपमा, छत्तीसगढ प्रतिनिधिमण्डलले मुख्यमन्त्रीलाई स्मारक प्रतीक भेट गर्यो। बैठकमा मुख्यमन्त्रीका प्रेस सचिव युगन तामाङ, सूचना तथा जनसम्पर्क विभागका अतिरिक्त निर्देशक विशाल खवास र गान्तोकका DIO देवेन्द्र शर्मा पनि उपस्थित थिए।

पछि छत्तीसगढ भ्रमणमा रहेको पत्रकार प्रतिनिधिमण्डलले रोङपुर सिक्किमको सेभोक-रङपो परियोजना स्थलको भ्रमण गर्यो। परियोजना सल्लाहकार मोहिन्दर सिंहले परियोजनाको विवरणमाथि प्रकाश पारे। उनले 44.96 किलोमिटर सेभोक-रङपो लाइन प्रगतिमा रहेको र डिसेम्बर 2027 सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको जानकारी दिए, जसले सिक्किमको पहिलो रेलवे कनेक्टिभिटी प्रदान गर्नेछ। परियोजनाको लगभग 90% काम पूरा भएको छ।

## ITS सिक्किमको टोलीले तुमिन लिङ्गी निर्वाचन क्षेत्रका गैर-सञ्चालित र निष्क्रिय पर्यटकीय स्थलहरूको भ्रमण गर्यो

इन्स्टिट्युट फर ट्रान्सफर्मिङ सिक्किम (ITS) को एक प्रतिनिधिमण्डलले हिजो गान्तोक जिल्लाको तुमिन लिङ्गी निर्वाचन क्षेत्रका निष्क्रिय र कम प्रयोगमा रहेका पर्यटन सम्पत्तिहरूको विस्तृत निरीक्षण गर्यो, जसको उद्देश्य पूर्वाधारलाई पुनर्जीवित गर्नु र दिगो जीविकोपार्जन बढाउनु थियो। ITS का उपाध्यक्ष चन्द्र प्रसाद शर्माको नेतृत्वमा, सदस्यहरू नम्रता थापा र डा. नीरज अधिकारी सम्मिलित टोलीले माखामा रहेको होटल टिस्टा उपत्यका, काउ खोलाको नजिकै सप्तकन्या झरना, चौरीडाढामा इको-टुरिज्म सुविधाहरू र नालीपोङ दरामा प्याराग्लाइडिङ पूर्वाधार सहित धेरै स्थलहरूको मूल्याङ्कन गर्यो। क्षेत्रका विधायक समदुप छिरिङ भुटियासँगै, प्रतिनिधिमण्डलले पञ्चायत सदस्यहरू र स्थानीय सरोकारवालाहरूसँग अवरोधहरू पहिचान गर्न र मर्मतसम्भार एंवम सम्पूर्ण उपयोगको लागि व्यावहारिक समाधानहरू खोज्न अन्तरक्रिया गर्यो।

## माई भारत सिक्किमद्वारा नाम्ची र गान्तोक जिल्लामा अन्तर-राज्य युवा आदानप्रदान कार्यक्रम 2026 आयोजना

भारतका युवाहरूमाझ अन्तर-सांस्कृतिक आदानप्रदान र विभिन्न क्षेत्र र राज्यहरूको गहिरो बुझाइलाई बढावा दिन झारखण्ड र त्रिपुराका युवा दलका लागि पाँच दिने अन्तर-राज्य युवा आदानप्रदान कार्यक्रम 2026 आयोजना गरिएको छ।

"भारतीय अर्किड महोत्सव 2026"

भारतीय कृषि अनुसन्धान परिषद् ICAR तथा राष्ट्रिय अर्किड अनुसन्धान केन्द्रका निर्देशक डा. एसपी दासले आगामी "भारतीय अर्किड महोत्सव 2026" मा भाग लिन सबै अर्किड उत्साही, अनुसन्धानकर्ता, किसान, विद्यार्थी र सर्वसाधारणलाई न्यानो निमन्त्रणा दिनु भएकोछ। यो महोत्सव 7 देखि 10 मार्चसम्म पाकिमको डिक्लिङस्थित ICAR-NRC फर अर्किड क्याम्पसमा आयोजना हुनेछ।

चार दिने कार्यक्रमले स्वदेशी र विदेशी अर्किड प्रजातिहरूको जीवन्त प्रदर्शन गर्नेछ, अर्किड खेतीमा हालसालैका अनुसन्धान र नवप्रवर्तनहरूलाई उजागर पार्नेछ, र संरक्षण एवम् दिगो अभ्यासहरूको बारेमा जागरूकता प्रवर्धन गर्नेछ।